# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

५३

पूर्णाङ्क

संशोधन-मण्डल

का. ने. अ. द. नं. १५५।२४९

तदिह न गुणदोषौ योजनीयावलोकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ छुटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

१४ वर्ष

१ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक-
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक-
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

सहयोगी-
रामजी तेवारी

यस अङ्कको मूल्य रु. ५।-

# विषयसूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | भदौमा सोह्रश्राद्ध कार्तिकमा दशैं | —नयराज पन्त | १–२ |
| २. | परम्परादेखि आएको कुरा छोडी बाहिरिया झगडा भित्र्याउनु राम्रो हुँदैन | —नयराज पन्त | ३–६ |
| ३. | शुद्ध पञ्चाङ्ग निस्कियून् | —नयराज पन्त | ६ |
| ४. | उर्वशी र पुरूरवाको संवाद | —नयराज पन्त | ६–९ |
| ५. | तनहुँका राजा कामारिदत्त सेनका दुइ अप्रकाशित पत्र | —महेशराज पन्त | १० |
| ६. | दशम ग्रह | | १०–१४ |
| ७. | राजगुरु हेमराज पण्डित | —लक्ष्मणनारायण गर्दे | १४–१७ |
| ८. | जङ्गबहादुरको पालाको नेपाल–भोटयुद्धको लागि गोदामगोदाममा राखिएका रसदसम्बन्धी अर्को पत्र | —रामजी तेवारी | १७–२२ |
| ९. | तेह्रौं वर्षको आयव्ययविवरण | | २२ |


## संशोधन-मण्डलका प्रकाशित कृति


| | | |
|---|---|---|
| १. | पूर्णिमा १ देखि ५३ अङ्कसम्म | २६४।५० |
| २. | अभिलेख–सङ्ग्रह १–१२ भागसम्म | ७।५० |
| ३. | इतिहास–संशोधन | १३। |
| ४. | सावधान–पत्र | ६। |
| ५. | विद्या–रक्षा | ६। |
| ६. | व्याकरण–संशोधन | ३।५० |
| ७ | पञ्चाङ्ग-संशोधन | ३।५० |
| ८. | बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. | पञ्चाङ--संशोधन ( १३–१७ सङ्ख्या ) | १।७५ |
| १०. | सावधान-पत्र ( १८–३० सङ्ख्या ) | १०। |
| ११. | रत्नदीप | २।५० |
| १२. | वृत्तशतक | ३। |
| १३. | सावधान–पत्र ( ३१ सङ्ख्या ) | ।३५ |
| १४. | नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य | ५। |

# मदौमा सोहश्राद्ध कार्तिकमा दशैं

—नयराज पन्त

वर्षे वैक्रमसंज्ञके क्षितिधरच्छिद्रेषुभू १५९७ संमिते
भास्वत्संक्रमणद्वयेन सहितो मासः क्षयाऽऽख्योऽभवत् ।
तत्सत्त्वाद् रविसंक्रमेण रहितोऽभूद् आश्विनाऽऽख्योऽधिको,
दुर्गाया अभवद् महोत्सवविधिर् मासे तदा कार्तिके ॥ १ ॥

वर्षे वैक्रमसंज्ञके गजगुणक्ष्माभृत्क्ष्मा १७३८ संमिते
श्रीपृथ्वीपतिसंज्ञके धरणिपे शाहाऽन्ववायोद्भवे ।
गोर्खां शासति संक्रमद्वययुतो मासः क्षयाऽऽख्योऽभवत्,
तत्सत्त्वाद् रविसंक्रमेण रहितोऽभूद् आश्विनाऽऽख्योऽधिकः ॥ २ ॥

स्वीयक्षेत्रगते सहस्रकिरणे पित्र्या क्रियाऽऽवर्तत,
स्वीयं नीचमुपाश्रिते दिनमणौ दुर्गोत्सवोऽजायत ।
राजा भक्तपुरे बभूव च जितामित्राऽभिधानस् तदा,
कान्त्याख्यां नगरीं शशास तरुणः श्रीपार्थिवेन्द्राऽभिधः ॥ ३ ॥

माणिग्लाऽधिपतिर् बभूव बलवान् श्रीश्रीनिवासाऽह्वय,
एषा मल्लनृपत्रयी च विदधे दुर्गोत्सवं कार्तिके ।
वर्षे वैक्रमसंज्ञके नवकुभृद्नागाऽवनी १८७९ संमिते
नेपालाऽवनिमण्डले धरणिपे शाहाऽन्ववायोद्भवे ॥ ४ ॥

राजेन्द्रे सति संक्रमद्वययुतो मासः क्षयाऽऽख्योऽभवत्
तत्सत्त्वाद् रविसंक्रमेण रहितोऽभूद् आश्विनाऽऽख्योऽधिकः ।

स्वीयक्षेत्रगते सहस्रकिरणे पित्र्या क्रियाऽवर्तत,
स्वीयं नीचमुपाऽश्रिते दिनमणौ दुर्गोत्सवोऽजायत ॥ ५ ॥

वर्षे वैक्रमसंज्ञके खनयनव्योमाऽक्षिभिः २०२० संमिते
नेपालाऽवनिमण्डले स्वकुलजं शाहे महेन्द्राऽभिधे ।
राज्यं कुर्वति संक्रमद्वययुतो मासः क्षयाऽख्योऽभवत्,
तत्सत्त्वाद् रविसंक्रमेण रहितोऽभूद् आश्विनाऽख्योऽधिकः ॥ ६ ॥

स्वीयक्षेत्रगते सहस्रकिरणे पित्र्या क्रियाऽवर्तत,
स्वीयं नीचमुपाऽश्रिते दिनमणौ दुर्गोत्सवोऽजायत ।
वर्षे वैक्रमसंज्ञके नवगुणव्योमाऽक्षिभिः २०३९ संमिते
नेपाले निजतातदर्शितविधिं वीरेन्द्रशाहे श्रिते ॥ ७ ॥

राज्यं कुर्वति संक्रमद्वययुतो मासः क्षयाऽख्योऽभवत्,
तत्सत्त्वाद् रविसंक्रमेण रहितोऽभूद् आश्विनाऽख्योऽधिकः ।
स्वीयक्षेत्रगते सहस्रकिरणे पित्र्या क्रियाऽवर्तत,
स्वीयं नीचमुपाऽश्रिते दिनमणौ दुर्गोत्सवोऽजायत ॥ ८ ॥

१) वि. सं. १५९७ मा क्षयमास परी आश्विनमा अधिकमास परेकोले कार्तिकमा दशैं भयो ।

२) गोरखाका राजा पृथ्वीपति शाहको पालामा वि. सं. १७३८ मा क्षयमास परी आश्विनमा अधिकमास परेकोले भदौमा सोह्रश्राद्ध भई कार्तिकमा दशैं भयो ।
यस वेला भक्तपुरमा जितामित्र मल्लको, कान्तिपुरमा पार्थिवेन्द्र मल्लको, पाटनमा श्रीनिवास मल्लको राज्य थियो । भक्तपुर कान्तिपुर र पाटनमा पनि दशैं कार्तिकमै भयो ।

३) श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाहको पालामा वि. सं १८७९ मा क्षयमास परी आश्विनमा अधिकमास परेकोले भदौमा सोह्रश्राद्ध भई कार्तिकमा दशैं भयो ।

४) श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहको पालामा वि. सं. २०२० मा क्षयमास परी आश्विनमा अधिकमास परेकोले भदौमा सोह्रश्राद्ध भई कार्तिकमा दशैं भयो ।

५) श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको पालामा वि. सं. २०३९ मा क्षयमास परी आश्विनमा अधिकमास परेकोले भदौमा सोह्रश्राद्ध भई कार्तिकमा दशैं भयो ।

यो सम्झौटो मात्र हो, विशेष कुरा विद्यारक्षा १५ संख्यामा छन् ।

# परम्परादेखि आएको कुरा छोडी बाहिरिया झगडा भित्र्याउनु राम्रो हुँदैन

—नयराज पन्त

वि. सं. २०३८ कातिक १६ गते आइतवार बसेको पञ्चाङ्गविषयक सभामा वेधशालाप्रमुख पण्डित केशवराम जोशीद्वारा प्रस्तुत "वि. सं. २०३९ सालको क्षयाधिमाससम्बन्धी गणनाको सार" नामक पत्रको विषयमा टिप्पणी*—

केशवरामले प्रस्तुत गरेको पत्रमा–

१. भारतीय ज्योतिषगणनाकेन्द्र

२. ज्योतिर्गणित

३. सूर्यसिद्धान्त

यी तीन पक्षबाट संक्रान्तिहरू ल्याई तिनको तुलना देखाइएको छ । १ तथा २ दृग्गणितअनुसारका हुन् । ३ चाहिँ परम्परावाद अनुसारको हो । दृग्गणितको विरुद्ध भएकोले सूर्यसिद्धान्त त्याज्य छ भन्ने केशवरामको भनाइ छ ।

दृग्गणितवादीहरू धेरै शाखामा बाँडिएका छन् । ती जम्मैको तुलना गर्नु यस सानो निबन्धमा सम्भव भएन । यस कारण दृग्गणितवादीहरूका दुइटा प्रमुख पक्ष चैत्र पक्ष तथा रैवत पक्षका संक्रान्तिको सामान्य भेदसम्म देखाउने काम यस निबन्धमा गरिन्छ । वेङ्कटेश केतकर चैत्र पक्षका अघिसरा विद्वान् हुन् । उनको मुख्य ग्रन्थ ज्योतिर्गणित हो ।

वेधशालानिरीक्षक गोबिन्द आपटेले बनाएको सर्वानन्दकरण रैवत पक्षको प्रमुख ग्रन्थको रूपमा पाइएको छ । सिद्धान्तज्योतिषको आचार्यपरीक्षाको अन्तिम वर्षको पाठ्यग्रन्थ भएर रहेको हुनाले सर्वानन्दकरण प्रसिद्ध भएको छ ।

---

* वि. सं. २०३८ मा पञ्चाङ्गविषयक सभामा यो टिप्पणी सुनाइएको तथा लिथो रूपमा बाँडिएको थियो ।

अब पहिले चैत्र पक्षअनुसार वि. सं. २०३९ का अब्दप तथा तिथिशुद्धि ल्याइन्छन् । वि. सं. १९९४ मा बिजापुरबाट दत्तात्रेय केतकरद्वारा प्रकाशित ज्योतिर्गणितको दोस्रो संस्करणको ६४ पृष्ठमा रहेको १० कोष्ठबाट यो काम गरिन्छ ।

| शाके | अब्दप | | | तिथिशुद्धि |
|---|---|---|---|---|
| | वा. | घ. | प. | तिथि |
| १८०० | ६ | ९ | २८ | ९.८२ |
| १०० | ६ | ३८ | १५ | २६.२४ |
| ४ | ५ | १ | ३२ | १४.२५ |
| १९०४ | १७ | ४८ | ७५ | ५०.३१ |
| | ३ | ४९ | १५ | २०.३१ |

अब रैवत पक्षअनुसार वि. सं, २०३९ का अब्दप तथा तिथिशुद्धि ल्याइन्छन् । वि. सं. १९८८ मा उज्जयिनीको वेधशालाबाट गोविन्द आपटेले प्रकाशित गरेको सर्वानन्दकरणको १५७ पृष्ठमा रहेका २ तथा १ श्लोकबाट यो काम गरिन्छ ।

शाके

१९०४

−१८२६

७८ वर्षगण

| | |
|---|---|
| १.२५६३७४ | ११.०९२४१४ |
| ×७८ | ×७८ |
| १००५०९९२ | ८८४९९३१२ |
| ८७९४६१८ | ७७४३६८९८ |
| ९७.९९७१७२ | ८६२.८६८२९२ |
| +६.७८२ | +२३.३३७ |
| १०४.७७९१७२ | ८८६.२०५२९२ |

| | | | |
|---|---|---|---|
| ७) १०४ (१४ | | ३०) ८८६ (२९ | |
| ७ | | ६० | |
| ३४ | ६.७७९ | २८६ | १६.२०५ |
| २८ | अब्दप | २७० | तिथिशुद्धि |
| ६ | | १६ | |

यति गणितबाट

वि. सं. २०३९ मा

ज्योतिर्गणित ( चैत्र पक्ष ) अनुसार

| अब्दप | तिथिशुद्धि |
|---|---|
| वा. । घ. । प. | तिथि |
| ३ । ४९ । १५ | २०.३१ |

आउँछन् ।

सर्वानन्दकरण ( रैवत पक्ष ) अनुसारचाहिँ

| अब्दप | तिथिशुद्धि |
|---|---|
| वार | तिथि |
| ६.७७९ | १६.२०५ |

आउँछन् भन्ने स्पष्ट हुन्छ

यसको अर्थ

चैत्र पक्षअनुसार वि. सं. २०३९ को मेषसंक्रान्ति वैशाखकृष्ण षष्ठी मङ्गलवार परी पुण्यकाल बुधवार पर्छ । अर्थात् वैशाखसंक्रान्ति बुधवार पर्छ ।

रैवत पक्षअनुसारचाहिँ वि. सं. २०३९ को मेषसंक्रान्ति वैशाखकृष्ण द्वितीया शुक्रवार परी पुण्यकाल शनिवार पर्छ । अर्थात् वैशाखसंक्रान्ति शनिवार पर्छ ।

यहाँ वैशाखसंक्रान्तिको गणना देखाई तिनको फरक देखाइयो । यसरी प्रत्येक महीनामा चैत्र पक्ष तथा रैवत पक्षका संक्रान्तिमा ४ दिनको अन्तर पर्छ ।

यताबाट दृग्गणितवादीहरूमा एक मत छैन भन्ने कुरा स्पष्ट हुन्छ । यो कलह भारतमा शुरू भएको १०० वर्ष जति भयो । तर तिनीहरूमा एकरूपता आउन सकेको छैन । यस अवस्थामा परम्परादेखि आइरहेको सूर्य-

सिद्धान्तको परम्परालाई विनाश गरी दृग्गणितअनुसारको पञ्चाङ्ग चलाउने भन्ने केशवरामको जो योजना छ, त्यो कुरा विभिन्न पक्षमा विभक्त दृग्गणितवादीहरूमध्ये एउटा पक्षको पीछलग्गू हुने सिवाय अरू केही होइन भन्ने स्पष्ट छ ।

अर्को कुरो "संक्रान्ति भन्ने पदार्थ वेधशालाबाट निर्णीत हुन सक्ने होइन" भन्ने सिद्धान्तज्यौतिष पढेका मानिस बुझ्छन् । सामान्य ज्ञान भएका मानिस पनि यो कुरो बुझून् भनी दृग्गणितवादका दुइ प्रमुख ग्रन्थबाट वि. सं. २०३६ का मेषसंक्रान्तिको गणना यहाँ देखाइएको हो ।

वेधशालाबाट मैले संक्रान्ति मिलाएँ भनी जो मानिस भन्छन्, तिनले संक्रान्ति भन्ने पदार्थको परिभाषासम्म पनि बुझेका छैनन्, अथवा तिनीहरू जानाजान झूटो बोलेर दुनियाँमा भ्रम फैलाउन लागेका छन् भन्ने कुरो स्पष्ट छ ।

संक्रान्ति नै वेधोपलब्ध नभएपछि अधिमास तथा क्षयमास स्वतः वेधोपलब्ध हुँदैनन् भन्ने कुरो स्पष्ट हुन्छ ।

# शुद्ध पञ्चाङ्ग निस्कियून्

—नयराज पन्त

शुद्ध पञ्चाङ्ग निस्कियून् भनी हामी चाहन्छौं । हाम्रो योजना पनि छ (पूर्णिमा १५ अङ्कका ३२३–३२५ पृष्ठ तथा १९ अङ्कका २२६–२३३ पृष्ठमा) राम्ररी कामै नगरी पैसा मात्र बटुल्न खोज्ने, आफ्नो काममा अरूले देखाइदिएका दोष (रामजी तेवारी देवीप्रसाद भण्डारी दिनेशराज पन्तद्वारा विरचित ७ देखि १७ संख्यासम्मका पञ्चाङ्ग–संशोधन) लाई खण्डन गर्न पनि नसक्ने, आफ्ना दोष पनि नसकार्ने काग कराउँदैछ पीना सुकृतैछ भनी पैसा बटुल्ने काम मात्र गरीरहने मनुष्यको हातबाट शुद्ध पञ्चाङ्ग निस्कनु असंभव छ ।

आत्मसंशोधन

# उर्वशी र पुरूरवाको संवाद

—नयराज पन्त

वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १५ अङ्कका २९९–३०३ पृष्ठमा यो पहिले प्रकाशित भएको थियो । ऋग्वेद ८ अष्टक ५ अध्याय १–४ वर्ग (१० मण्डल ८ अनुवाक ९५ सूक्त) को भावानुवाद यो हो । अहिले

फेरि परिश्रमसाथ परीक्षा गरी हेर्दा धेरै ठाउँमा संशोधन गर्नुपर्ने देखियो। यो अशुद्ध यो शुद्ध भनी छपाउनुभन्दा अहिले संशोधितरूप नै छपाउँदा पाठकहरूलाई रुचिकर होला भनी त्यसै गरिएको छ।

पुरूरवा

प्यारी कडा भैकन हिँड्दछ्यौ किन, कुरा गरौं लौ अलि बेर पर्खन।
हामी दुवैका मनका कुरा मन रहीरहे हुन्न भलो कुनै दिन ॥ १ ॥

उर्वशी

उड्‌ाउँछिन् मोह गराउँदै उषा, बिलाउँछिन् फेरि कता कता उषा।
मता बितेका दिनका उषासरी पुगें निकै दूर अली अली गरी ॥ २ ॥

बतास पर्दैन कसै गरी वश, त्यस्तै कसै पर्दिन उर्वशी वश।
कुरा गरी के अब लाभ हुन्छ र, पुरूरवा फर्कनुहोस् घरैतिर ॥ ३ ॥

पुरूरवा

तिमी गएदेखि लडाइँमा मन लाग्दैन मेरो, शर हान्न सकतिनँ।
गाईहरू जित्न र बाँड्न सकतिनँ, निजामती काम न गर्छु आज म ॥ ४ ॥

थर्काउँदै शत्रु गरेर गर्जन मेरा सिपाही अघि लड्‌थे जुन।
विस्तार विस्तार तिनी भए लुले, लुले भएँ, राज्य सबै भयो लुले ॥ ५ ॥

उर्वशी

( उषातिर फर्केर )

खवाई पिलाई शशुराहरूकन गएर आफ्ना पतिको निकेतन।
जस्तो छ इच्छा पतिको त्यसै गरी शरीर दिन्थी दिनरात उर्वशी ॥ ६ ॥
उषा तिमी हेर्न र बुझ्न सकतछ्यौ, मेरा कुरा जाँच्न तथा समर्थ छ्यौ।

( पुरूरवातिर फर्केर )

सौता कुनै छैन, तिमीसँगै मता बस्नेछु आनन्द गरेर सर्वदा ॥ ७ ॥

भन्दा गएथें म हजूरको घर तथा दिएथें अघि यो कलेवर।
हजूरका तीन रतिक्रियाकन पुऱ्याउँथें साधन भै दिनैदिन ॥ ८ ॥

मेरो यही देहमहाँ हजूरको रजाइँ चलथ्यो, मनमा हजूरको।
भैमा हुँदा प्रेम रमाइलो थियो, सन्तोष हामी दुइलाइ नै थियो ॥ ९ ॥

पुरुरवा–

आयौ लिई साथ सखीहरू तिमी, मदेखि पर्दासँग बस्तथे तिनी ।
तिम्रा सखी ती न नजीक आउँथे, बाँ बाँ गरी धेनुसरी न बोल्दथे ॥ १० ॥

उर्वशी–

स्वभावले प्रेरित भै नदीसरी मेरा सखी ती सुरलोकसुन्दरी ।
विस्तार विस्तार पुरूरवाकन सक्ने भएछन् रसमा भुलाउन ॥ ११ ॥

बडा बडा युद्धहरू गरीकन सखाप पार्नाकन दस्युका गण ।
पुरूरवा सक्छ भनी दिई वर बढाउँथे देव हजूरको बल ॥ १२ ॥

पुरूरवा–

पर्दा हटेका सुरलोकसुन्दरी मेरो परे सामु जसै त्यसै धरी ।
तर्सी मृगी झैँ रथसाथ नारिँदा घोडीसरी दूर पुगे कता कता ॥ १३ ॥

मनुष्यले यी सुरसुन्दरीसँग संपर्कको निम्ति भएर उत्सुक ।
बोल्यो तथा काम कुनै गर्‍यो भने बलै गरी ओठ निजी चपाउने ॥ १४ ॥

घोडीसरी देह निजी लुकाउँदै पुग्दा रहेछन् सुरसुन्दरी परै ।
अनर्थ शङ्का मनमा लिईकन छुँदैन राम्रो लिनु निष्ठुरीपन ॥ १५ ॥

मेरी भई सौख्यसुधा बहाउँथ्यौ, तिमी उज्यालो घर नै गराउँथ्यौ ।
तिमी हरायौ बिजुलीसरी बनी, मेरो अँध्यारो घर भो सबै अनि ॥ १६ ॥

जन्म्यो र छोरो यदि उर्वशीतिर दीर्घायु भै वीर तथा सुशिक्षित ।
यो राज्य थाम्नाकन योग्य भो भने उपाय मिल्थ्यो मन यो बुझाउने ॥ १७ ॥

उर्वशी–

हजूरले जो अघि तेज छोड्नुभो, मैले लिएकी छु धरोट तेज सो ।
हुनेछ छोरो त्यसले हजूरको, त्यो गर्न सक्नेछ रजाइँ राज्यको ॥ १८ ॥

थाहा भएथ्यो अघि नै मलाइ यो, मैले भनेथेँ नि हजूरलाइ यो ।
हजूरले सुन्नु भएन, तोड्नु भो कबूल, बेफ्वाँक छ धेर बोल्नु यो ॥ १९ ॥

पुरूरवा–

जन्मन्छ छोरो कहिले, बढीकन चिन्ने छ त्यल्ले कहिले पिताकन ।
बा बा भनी त्यो कहिले कराउला चुहाउँदै आँसु नगीच आउला ॥ २० ॥

मिलेजुलेका भन दम्पतीकन वियोग भोगाउँछ उर्वशी कुन ।
जन्मन्छ तिम्रो जब पुत्र त्यो दिन होला उज्यालो ससुराहरूकन ॥ २१ ॥

उर्वशी–

हजूरको आत्मजले क्रमैसित गर्नेछ लीला सब शैशवोचित ।
साँच्चै कुरा भन्छु हजूरलाइ म, पर्दैन धन्दा यसमा कुनै लिन ॥ २२ ॥
हजूरको पुत्र हजूरको घर पठाउँला, फर्कनुहोस् घरैतिर ।
अबूझ झैं भै हठ यो नगर्नुहोस्, मसाथ बस्ने अब बात छोड्नुहोस् ॥ २३ ॥

पुरूरवा–

तिम्रो मिली साथ सुखी थियो जुन पुरूरवा, त्यो अब दुःखभाजन ।
भई कतै पर्वतबाट लडदछ. भौंतारिंदै त्यो कित दूर पुग्दछ ॥ २४ ॥
खाली भुईंमा कि सुतेर मर्दछ, ब्वाँसाहरूको कित भोज्य बन्दछ ।

उर्वशी–

लडी खसी मर्छु भनी नभन्नुहोस, हत्या गरी मर्नु हुँदैन बुझ्नुहोस् ॥ २५ ॥
ब्वाँसाहरूका मुखमा नपर्नुहोस्, अकालमै प्राण त्यसै नफाल्नुहोस् ।
स्त्रीजाति हुन्छन् अति धूर्त निष्ठुर, हुँदैन दोस्ती तिनको कतै स्थिर ॥ २६ ॥
स्वरूप छोडीकन मर्त्य झैं बनी मैले बिताएँ अधि चार वर्ष ती ।
खान्थें म थोरै घिउ एक छाक नै तथापि सन्तुष्ट थिएँ म त्यत्तिमै ॥ २७ ॥

पुरूरवा–

अकासिंदै मेघसमान उर्वशी भइन् भने तापनि बुद्धिले कसी ।
म ल्याइछोड्नेछु यहीं तिनीकन, राम्रै बुझेको छु वशक्रियाकन ॥ २८ ॥
चाहिन्छ जे जे जति उर्वशीकन ती ती सबै वस्तु यहीं पुऱ्याउन ।
पुरूरवा भूपति यो तयार छ, आऊनआऊ बस साथ बिन्ति छ ॥ २९ ॥
यो चित्त मेरो विरहाग्नि हर्हरी बली डढ्यो, फर्कनफर्क सुन्दरी ।

उर्वशी–

द्यौताहरूको छ भनाइ बुझ्नुहोस्, म भन्छु त्यो, धैर्य गरेर सुन्नुहोस् ॥ ३० ॥
पुरूरवाका अब थोर छन् दिन, सुपुत्र होला, त्यसले पिताकन ।
उद्धार गर्नाकन यज्ञ लाउला, पुरूरवा स्वर्गविषे रमाउला ॥ ३१ ॥

# तनहुँका राजा कामारिदत्त सेनका दुइ अप्रकाशित पत्र

—महेशराज पन्त

राजा कामारिदत्त सेनले गरिदिएका वि. सं. १८२७ का दुइवटा अप्रकाशित पत्र यहाँ दिइएका छन्। यी पत्रमध्ये पहिलो पत्र बिर्ता दिई गरिएको र दोस्रो पत्र रजबन्धकी दिई गरिएको छ।

यी पत्रका नकल पिताजी पं. नयराज पन्तको सङ्ग्रहमा छन्। पिताजीले श्रीटुकराज मिश्रमार्फत नकल सार्नुभएको हो।

( १ सङ्ख्या )

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्भवसदासमाराधितसांबशीवलक्ष्मी-नारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीकामारिदत्तसेनदेवानां सदा समरविजयिनाम

आगे श्रीगुणानन्द पंथज्युके बिर्ता बकस भइल . जिले मर्यादपुर तमे चितावन् मौजे सहलौली गाव भरि सांध सिवानकै केके दनहि भोगहि सिवाय्य बेतलब सर्व अङ्क पाय बिसुधा बकस भइल . आपन बिर्ता जानि बसहि बसावहि . सेवा षिजमतिह्म हाजीर रहहि .

सम्बत १८२७ साल भाद्रपदसुदि ७ रोज २ मुकाम् बदरकोना सुभम्

( २ सङ्ख्या )

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्भवसदासमाराधितसांबशिवलक्ष्मी-नारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्कामारिदत्तसेनदेवानाम सदा समरविजयिनाम्

आगे श्रीगुणनन्द पंथज्युके हात माटो बाँधा बकसल भयो . वसन्तपुर थुम १ एक त्यसको माटो षेत १००० हज्जार तेकर रुपया सिक्का ३६०१ तिन हजार छ सय एक रुपयापर बाँधा बिर्बं अंक बितलब लगापातसमेत लरथी गरिबक्स्यौ . जब रूपया दिनु . तब छोडाहि लिनु . आपनु बितलब बाँधा जानि अमल गर्नु . बसनु बसावनु . सेवामा रुजु रहनु . हजुर लाग्याको थियो . बकस्यौं,

सम्वत् १८२७ साल भाद्रपदसुदि ७ रोज २ मुकाम बदरकोना सुभम्

卐

# दशम ग्रह

( हेमराज )

हिमालयजया पृष्टः कैलासाचलसंनिधौ ।
दयितां भगवान् रुद्रोऽप्युवाच दशमं ग्रहम् ॥ १ ॥

कालान्तककरालस्य सर्वदा हितचिन्तकः ।
नेपालदेशवास्तव्यः कुकर्मकरणे रतः ॥ २ ॥

विद्याभ्यसनशीलानां यमराजो हि भीतिदः ।
हेमराजोऽभिधानेन कर्मणासुर उच्यते ॥ ३ ॥

नयपालस्य चाण्डालो दर्शनेऽप्यतिभीषणः ।
स्वार्थी कुमार्गी वाचाटो नृशंसश्चेत्युदीरितः ॥ ४ ॥

विदुषामपि सर्वेषां दण्डकर्मपरायणः ।
धूम्रकेतुस्तथैतेषां तेजसश्चापकर्षकः ॥ ५ ॥

सुवातव्याधिग्रस्तोऽयं मरणासन्नदुर्मुखः ।
हस्तदण्डद्वयेनैव पादाश्चत्वार एव च ॥ ६ ॥

चतुष्पात् पशुरुक्तोऽयं दुर्बुद्धिर्घासभक्षकः ।
पशुवद् याति मार्गे यो हेमराजः स कीर्तितः ॥ ७ ॥

दीनानां निग्रहेणैव वृकवज्जठरंभरी ।
हेमराजः स विज्ञेयः सदुद्योगपराङ्मुखः ॥ ८ ॥

श्री ३ मोहनराजस्य शासने निवसन्नपि ।
यो जहाति न कार्पण्यं स कथं हेमराजकः ॥ ९ ॥

परेषामपि पौराणां पीडने कालकण्टकः ।
हेमराजः स विज्ञेयो लोककण्टक एव च ॥ १० ॥

सदुद्योगोन्मुखं दृष्ट्वा मानवं भर्त्सनापरः ।
हेमराजोऽवगन्तव्यः स्वीयभाषाविनिन्दकः ॥ ११ ॥

स्वकीयभवने स्थित्वा सन्ततायोग्यकर्मकृत् ।
हेमराजोऽवगन्तव्यः कानने सूकरो यथा ॥ १२ ॥

समागतायामापत्तौ क्रन्दते यः सुदीनवत् ।
हेमराजः स विज्ञेयः काष्ठकुड्याश्मसन्निभः ॥ १३ ॥

पाषाणहृदयश्चासौ परोपकरणे ध्रुवम् ।
अपकारे समायाते वातग्रस्तोऽपि तत्परः ॥ १४ ॥

अहमेव प्रबुद्धोऽस्मि विद्वानस्म्यहमेव च ।
इत्यन्ता खर्वगर्वोऽयं हेमराजः समीरितः ॥ १५ ॥

आत्मोऽभिमानी नित्यं यः काशवच्छ्वेतमस्तकः ।
कृपणो हेमराजः स ब्रह्मराक्षस उच्यते ॥ १६ ॥

शकन्मूत्रानुविद्धानां पणानामपि वाञ्छकः ।
विष्टादिकं स भक्षेच्चेत् कथं नो ग्रामसूकरः ॥ १७ ॥

खञ्जः पादेन देशेऽस्मिन् पङ्गुत्वं यो दधाति च ।
भवभारापजातः स हेमराज उदीरितः ॥ १८ ॥

देवबाधाकरो नित्यं लङ्कायां रावणो यथा ।
हेमराजस्तथैवात्र द्वितीयः परिकीर्तितः ॥ १९ ॥

निःषेवकाणां सर्वेषामाशाछेदकरश्च यः ।
हेमराजस्तथैवात्र यथा शत्रे मृगादनः ॥ २० ॥

शरत्समयसंप्राप्ते स्वीयदेशं विमुच्य यः ।
परदेशं भजेन्नित्यं हेमराजः स कथ्यते ॥ २१ ॥

स्वीयमृत्युं समायातं ह्यन्तिके तं विदन्नपि ।
योसमञ्जसकृत्योऽयं हेमराजो निगद्यते ॥ २२ ॥

उन्नतिद्वारमाच्छाद्य नयति संस्कृतिम् ।
नेपालदेशापसदो ध्रुवं स हेमराजकः ॥ २३ ॥

तस्मादेव निम्नानां ग्रहाणामपकर्षकः ।
उच्चस्थो हेमराजश्च दशमो ग्रह ईरितः ॥ २४ ॥

पूजाशान्त्यादिसन्तुष्टा यथैवेतरे ग्रहाः ।
नो शताब्दं सेवितोऽपि यथाऽयं दशमो ग्रहः ॥ २५ ॥

पृष्ठस्थभारक्लेशेन गर्दभो याति दीनताम् ।
दुष्कृतावलिभिर्दुष्टो न तथा श्वेतमस्तकः ॥ २६ ॥

वदनान्निसृता वाणी

( जयतु संस्कृतम् )

श्रीः

आज हामी संस्कृत पढ्ने विद्यार्थीहरू भिक्षा मागेर हिंडिरहेका छौं । यद्यपि यो हाम्रो पुरानो दृष्टिबाट हाम्रो धर्म हो, तर आज हामीहरू भिक्षा माग्न आएको कारण केवल श्रद्धाको माना खानुका साथसाथ डाइरेक्टर माहिला गुरुज्युको अत्याचार निर्विवेक प्रकट गर्नु पनि हो, यस्तो वैज्ञानिक समयमा पनि हामीलाई सदा अन्धकारमा आफ्नो मुठीमा राख्न खोज्नु डाइरेक्टरको कत्रो निर्विवेकता हो, हामी नजान्ने भएर बस्न चाहन्नौ, हामी पनि जान्ने हुनुपर्दछ, भूगोल र इतिहास पढ्न पाउँ भनेर माग गर्दा खुसीसाथ दिनु त परै जावस् प्रत्युत हामीलाई नै ज्यानमारा चोरी मुद्दामा पनि हत्पति नहुने सजाय हतकडी लगाएर ठानामा थुनाउने विद्यार्थीसमाजमा गएर सिधा साधा निरपराध ब्राह्मणका लडकाहरूलाई छातिमा भाला औ पेस्तौल तावन र दण्ड प्रहार गर्न लगाउने, थुक्ने हपकाउने यो डाइरेक्टरको कत्रो अपराध, पक्रेर ठानामा हतकडी लगाएर निरपराध लडकाहरूलाई थुनामा र पाठशालामा पढ्नसमेत नपाउने गराई छुटाई दिने यो कत्रो अत्याचार यस्तो अत्याचारीपन कसैले देखेको होला, न सुनेको न संझेको होला, आज त्यस्तो अत्याचारीपन डाइरेक्टरले हामीमाथि प्रयोग गरे त हामी पनि यसलाई प्राण रहँदासम्म बिर्सन सक्नौं र त्यसको प्रतिकारमा सतत शतश प्रयत्न गर्दछौं आज समाजमा यही सन्देश सुनाउनू पनि हाम्रो मुख्य एक कर्तव्य संझनुपरेको छ—

( जयतु संस्कृतम् )

( जयतु संस्कृतम् )

यावद् भारतवर्षं स्याद् यावद् विन्ध्यहिमाचलौ ।
यावत् सिन्धु च गोदा च तावद् एव हि संस्कृतम् ॥

अहिलेभन्दा ३५ वर्षअगाडि वि. सं. २००४ मा जयतु संस्कृतम् नामधारी विद्यार्थीको हडताल भएको थियो । आजभोलि विद्यार्थीको हडताल प्रायः भइरहन्छ । परन्तु वि. सं. २००४ को सो हडताल नेपालमा पहिलो भएकोले निकै चर्चित भयो । सो कुरो मैले वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २८ अङ्कमा लेखेको छु । वि. सं. २००४ मा नवग्रहस्तोत्र निस्किएको थियो । सो पनि पूर्णिमाको २८ अङ्कमा मैले प्रकाशित गराएको छु । नवग्रहमध्ये चन्द्रमा, मङ्गल, बुध, बृहस्पति, शुक्र, राहु, केतु यी सात ग्रहले संसार छोडिसके । अब आउने ३५ वर्षभित्र सूर्य र शनैश्चरले पनि यो संसार छोडिसक्नेछन् । यो कुरो निश्चित छ । अब ६५ वर्षपछि अर्थात् वि. सं. २१०४

पछि जयतु संस्कृतम् आन्दोलनको प्रत्यक्ष द्रष्टा यस संसारमा हुने छैनन् । यो पनि निश्चित छ । त्यस वेला जयतु संस्कृतम् आन्दोलन ऐतिहासिक कुरा मात्र हुनेछ ।

नवग्रहस्तोत्र निस्किएको बेलामै दशमग्रहस्तोत्र पनि निस्किएको थियो । त्यसलाई पनि पूर्णिमा २८ अङ्कमा प्रकाश गराउन मैले खोजेको थिएँ । तर मेरो संग्रह सुव्यवस्थित नभएकोले त्यस वेला मैले सो पाउन सकिनँ । अहिले पाइएकोले सो प्रकाशित गराएको छु । मेरो सङ्ग्रहमा दशमग्रहस्तोत्र २६ श्लोकसम्म पूरा र २७ श्लोकको एक पाउसम्म मात्र भेटिएकोले यो पूरा छैन भन्ने देखिन्छ । अहिले छापाखानामा जान हुने गरी यो लेख रामजी तेवारी र दिनेशराज पन्त तयार गरिदिएका छन् । दुवैलाई यथोचित धन्यवाद छ ।

—नयराज पन्त

卐

# राजगुरु हेमराज पण्डित

—पण्डित लक्ष्मणनारायण गर्दे

राजगुरु हेमराज पण्डित नेपाल के इने गिने रत्नोंमेंसे एक थे । इधर कुछ वर्षोंसे वे प्रतिवर्ष काशी आया करते थे और कुछ मास यहां रहकर ग्रीष्म ऋतुमें नेपाल लौटते थे। यहां उनका अपना निवासस्थान मामूरगंजमें केसरि-निवास हैं । इनके रहते हुए यह स्थान शास्त्र-चर्चाका एक केन्द्र बन जाता था और प्रायः यहाँ विद्वत्समागम होता रहता था । विद्वत्समाजमें सर्वत्र ही इनकी ख्याति थी ।

## जन्म तथा परिचय

नेपालके सुविख्यात श्रीविजयराज गुरुजीके विद्वान् और पावन कुलमें संवत् १९३५ में इनका जन्म हुआ । इनके पिता राजगुरु लोकराजजी एक आदर्श पुरुष थे, जैसे विद्वान् वैसे ही आचारवान् थे । वयसके ५ वे वर्षमें 'ब्रह्मवर्चस्कामस्तु भवेत् विप्रस्य पंचमे ।' इत्यादि वचनोंके अनुसार इनका व्रतबन्ध हुआ । इनकी प्रारंभिक शिक्षा पूज्य पिताके ही सांनिध्य और तत्वावधानमें हुई । वेद और शास्त्रकी शिक्षा इन्हें साथ साथ दी गयी। संस्कृतके विशेष अध्ययनके लिए नेपालके तत्कालीन प्रधानमन्त्री श्रीवीर शमशेर जंगबहादुर राणाके विशेष निर्देशानुसार १८ वर्षकी अवस्थामें ये काशी भेजे गये । स्वर्गीय महामहोपाध्याय पण्डित गंगाधर शास्त्री तैलंगके शिष्यरूपसे इन्होने चार वर्ष विविध शास्त्रोंका अध्ययन किया । सुप्रद्धि तन्त्रवित् और यज्ञादि कर्मकांडके विशेषज्ञ स्वर्गीय पण्डित वामनाचार्यजीसे भी इन्होंने शिक्षा पायी । इनकी कुशाग्रबुद्धि और सारग्राही अध्ययनवृत्तिसे सभी गुरुजन इनसे बहुत प्रसन्न रहते थे । स्वर्गीय शिरोमणि पण्डितजीने काशी में जो 'चयन' यज्ञ किया इसमें इनके गुणोका विशेष प्रकाश हुआ था । यज्ञमें समवेत समस्त विद्वत्समाज इनके असाधारण वौद्धिक तेजसे मुग्ध हुआ था ।

## शील स्वभाव और अध्ययनवृत्ति

इसके बाद हेमराजजी नेपाल लौटे। राजगुरु पदके कारण पितृपरम्परासे ही इनका निवास स्थान धर्मशास्त्रकी चर्चाका प्रधान केंद्र था। हेमराजजी न्यायमीमांसादि विविध शास्त्रोंका अध्ययन कर लौटे थे, इस कारण स्वभावत: इनपर राजा प्रजा सबकी ही आदर और प्रेमकी आशाभरी विशेष दृष्टि रहा करती थी। सब प्रकारके लोग इनके पास शास्त्रीय चर्चा करने आते थे और इनकी वाणी सुनकर प्रसन्न होते थे। धर्मशास्त्रसम्बन्धी जहां जो कोई प्रश्न उपस्थित होता था, लोग इन्हीसे पूछने आते थे और ये सारासार विचार कर समीचीन व्यवस्था देकर समाधान करते थे। क्रमश: इनका यह अधिकार बढता गया और विद्वानों तथा धर्मज्ञोंमें ये एक ही माने गये। सरकारने भी इनका आदर कर इन्हें 'विद्वत् शिरोमणि' पदवीसे अलंकृत किया।

## बहुभाषा और लिपिके ज्ञाता

स्वभावसे ही अध्ययनशील होनेके कारण इन्हें कभी अपनी विद्याका अभिमान नही हुआ और इनका बहुविध अध्ययन बराबर जारी रहा। इनका अपना जो 'भारती भवन' नामक विशाल पुस्तक भवन है, इनकी असाधारण अध्ययनवृत्तिका ही फल है। इनके इस पुस्तक भवनमें सहस्रों हस्तलिखित ग्रंथ है और सहस्रों मुद्रित ग्रन्थ भी। मुद्रित ग्रन्थोमें हिन्दी, अंग्रेजी, मराठी, बंगला, नेपाली इन सभी भाषाओंके ग्रन्थ हैं। आप बहुभाषा और बहुलिपियों के ज्ञाता थे। अंग्रेजी ग्रन्थोंमें प्राचीन भारतीय इतिहास और पुरातत्वके ग्रन्थ विशेष हैं। इतिहास और पुरातत्वसे आपको विशेष प्रेम था भी। इन ग्रन्थोंके बीचमे बैठकर ये यथारुचि विविध विषय देखा करते थे और देश–विदेशके विद्वान् भी आकर इन ग्रन्थोंसे लाभ उठाते थे। बागवानी, फोटोग्राफी और मुद्रण कलाके भी पूर्ण ज्ञाता थे।

## विदेशी विद्वानोंसे शास्त्रार्थ

नेपालमें विदेशोंसे जो जो विद्वान् आते उनके साथ राजगुरु हेमराजजीका विचार विमर्श, शास्त्रार्थ अवश्य होता। फ्रान्सके प्रोफेसर सिलवन लेवी, इटलीके प्रोफेसर टुची, इंग्लैंडके डाक्टर टामस आदि भारतीय पुरातत्वविदोंने हेमराजजीकी बहुज्ञताकी मुक्त कण्ठसे बहुत प्रशंसा की है। श्री जयचंद्र विद्यालंकारने एक जगह इन्हें 'चलती फिरती इनसाइक्लोपीडिया' कहा है। भारतके श्रीहरिप्रसाद शास्त्री, श्रीसुनीति कुमार चटर्जी, श्री विधुशेखर शास्त्री, श्रीकालिदास नागा, डाक्टर बेलवलकर प्रभृति विद्वानोंसे आपका घनिष्ठ परिचय रहा। भाण्डारकर इन्स्टीट्यूटसे प्रकाशित महाभारतके संशोधित संस्करणके आदि पर्वकी भूमिकामें डाक्टर सुतलानकरने श्रीहेमराजजीके विषयमें बहुत कुछ लिखा है। नेपालमें डाक्टर टामसके आनेपर उनके लिए तत्रस्थ विद्वानोंका जो समागम गवर्नमेंट लाइब्रेरीके स्थानमे हुआ था उसमें राजगुरु हेमराजजीका पुरातत्त्व विषयक धाराप्रवाह सतत तीन घंटे गम्भीर भाषण हुआ था।

भाषणका विषय था– वैद्य शास्त्र यूनानसे भारत नहीं आया प्रस्तुत भारतसे यूनान गया है। यह बात

बहुविध प्रमाणोंसे आपने सिद्ध कर दिखायी। इसी विषयपर पूनेके भाण्डारकर इन्स्टीट्यूटमें आपका व्याख्यान हुआ था। मराठीके प्रसिद्ध 'केसरी' पत्रमें उसकी विस्तृत आलोचना प्रकाशित हुई थी।

## महत्वपूर्ण रचनाएं

समय समयपर आपके जो व्याख्यान हुए उनका संग्रह होना बहुत आवश्यक था। दुर्भाग्यवश वह नहीं हो पाया। 'वैद्यशास्त्र भारतसे ही यूनानको मिला' ये विषय अवश्य ही 'काश्यप-संहिता' नामक ग्रन्थकी जो २४० पत्रोंकी बृहद् भूमिका, आपने लिखा है उसमें आ गया है। 'काश्यप-संहिता' की भूमिकाके अतिरिक्त आपके रचित अन्य ग्रन्थ 'नेपाली चन्द्रिका' (व्याकरण), शब्दतत्त्व', 'महाभारत-विमर्श' आदि हैं। 'चन्द्रिका' संवत् १९६९ में प्रकाशित हुई थी। 'सरस्वती' पत्रिकामें उसकी समालोचना निकली थी। पुस्तक इतनी पुरानी होनेपर आज भी वह उतनी ही उपयोगी और नवीन है।

## सर्वतोमुखी प्रतिभा

राजगुरु हेमराजजीकी प्रतिभा सर्वतोमुखी थी। वे केवल वेदशास्त्रपारंगत धर्मज्ञ विद्वान् और भारतीय इतिहासज्ञ और पुरातत्वविद् ही नही थे। प्रत्युत राजकार्यकुशल देशसेवक भी थे। ब्रिटिश साम्राज्यके अधिराज और पीछे उनके युवराजका नेपालमें जब शुभागमन हुआ था तब उनके स्वागतार्थ की गयी योजनामें आपका बहुत बडा कार्यभाग था जिसे आपने बडी कुशलता और अथक परिश्रमसे पार लगाया। प्रथम विश्वव्यापी महायुद्धके समय नेपालके युद्ध विभागके आप एक प्रधान कार्यकर्ता थे। यह कार्य आपने इतनी उत्तमताके साथ किया कि उसका प्रभाव भारत सरकारपर भी पडा और भारत सरकारने आपको सी० आई० ई० पदवी देकर गौरवान्वित किया। नेपालमे राजकाज सम्बन्धी शायद ही कोई ऐसा कार्य हुआ हो जिसमें आप न रहे हों। पिछली बारके भीषण भूकम्पने नेपालकी राजधानीको तहस-नहस किया था। उस समय पीडितोंकी सहायता और राजधानीके नष्ट भागकी पुनर्रचनाका सम्पूर्ण कार्यभार आपको ही सौंपा गया था। इस कार्यको जिस कुशलताके साथ आपने सम्पन्न किया, उसका साक्ष्य भूकम्पके स्मारक भूगोल पार्कका शिलापर खुदा आपका नाम आज भी देती है। आपने ६ वर्ष जुडीशल विभागमें भी काम किया था। सब अड्डोंके मामले विचारार्थ आपके सामने आते थे। ये सभी काम आपने इतनी तत्परता और सचाईके साथ किये कि नेपाल सरकार आपकी सेवाओंसे सदा सन्तुष्ट रही और उसने आपको 'द्वितीय नेपाल तारा' तथा 'प्रथम प्रबल गोरखा दक्षिणबाहु' की पदवियोंसे विभूषित किया। आपने लगातार ३६ वर्षसे भी अधिक कालतक जो अनेक रूपसे राजसेवा की उसकी स्मृतिमें सरकारने आपको 'दीर्घसेवा पट्ट' प्रदान किया है।

यह आपके जीवनकी मुख्य मुख्य घटनाएं है। परन्तु इतनेसे आपकी महत्ताका पूर्ण परिचय नहीं मिलता। आपके गुणोंकी बहुत लंबी तालिका है। आप जैसे धर्मज्ञ विद्वान् थे वैसे ही धर्मपर अटल श्रद्धा रखनेवाले सदाचारसम्पन्न भी थे। जैसे ज्ञानमार्गी थे वैसे ही भक्त भी थे। जब आप बद्धांजलि होकर देवताओंकी

स्तुति गाते तब वह सुनने ही योग्य होती थी। ऐसी कर्णमधुर स्तुतिसे सुननेवालोंके हृदय भी पवित्र होते थे। आप राजगुरुके उच्च पदपर आसीन थे पर सामान्य जनोंसे हिल मिलकर रहते थे। स्वयं खानेपीनेके शौकीन नहीं पर दीन दुखियोंको भरपेट भोजन करानेमें आपको बडा आनन्द आता था। विद्वानोंको सदा सम्मानित और पुरस्कृत करते थे। आपके विचार केवल प्राचीन ही प्राचीन नहीं थे बल्कि आधुनिक विचारोंके साथ भी आपकी इस अंशतक सहानुभूति थी कि जिससे धर्मकी कोई हानि न हो। आपमें एक प्रकारसे प्राचीन और अर्वाचीन विचारोंका समन्वय होता था। राजनीतिमें भी पूर्व परंपराके साथ आप आधुनिक विचारधाराका समन्वय चाहते थे। आप जैसे विद्वान्, आचारवान्, ज्ञानी और सर्वहितचिन्तक पुरुषका जीवन इस लोकके लिए स्वयं एक उपकारक आदर्श था। ऐसे प्रकांड पण्डित के देहावसानसे भारत और नेपालकी अपूरणीय क्षति हुई है।

जीवितावस्थामें तो आप महान थे ही, मृत्युकी अवस्थामें भी अपनी विलक्षण शान्ति और अनासक्तिसे अपनी महत्ताका परिचय दे गये। मृत्युके कुछ घंटे पहले आपने नेपालके महाराजाधिराजको जो तार लिखवाया उसमे ये शब्द हैं–

'वाराणसी क्षेत्रमें अपने मर्त्य शरीरको त्यागते हुए मैं बहुत प्रसन्न हूं। मैंने अपने जीवनमें आपकी और अपने प्रिय देश नेपालकी जो सेवा की उसमे यदि कोई त्रुटि हुई हो तो उसके लिए क्षमा करें। बिदाकी इस अन्तिम घडियोंमे मेरी भगवानसे यही प्रार्थना हैं कि वह आपका और नेपालका सब प्रकारसे कल्याण करें।'

आप अपने पीछे अपनी विदुषी धर्मपत्नी, दो विद्वान पुत्र श्री केसरि राज और श्री ईश्वरी राज तथा एक पुत्री छोड गये हैं जिनके विस्तृत परिवार हैं।

[ हेमराजको मृत्यु भएपछि काशीको पत्रिका आजमा वि. सं. २०१० पौष १७ गते बृहस्पतिवार ( ई. सं. १९५३ डिसेम्बर ३१ ) मा प्रकाशित प्रसिद्ध सम्पादक लक्ष्मणनारायण गर्देको लेख यो हो।

हेमराजका जेठा नाति प्रकाश ए. राजबाट यसको प्रतिलिपि प्राप्त भएको हो। ]

—सम्पादक

# जङ्गबहादुरको पालाको नेपाल–भोटयुद्धको लागि गोदाम-गोदाममा राखिएका रसदसम्बन्धी अर्को पत्र

—रामजी तेवारी

यस विषयको एक पत्र पूर्णिमा ४९ अङ्कका ३७ – ४० पृष्ठमा मैले प्रकाश गरेको थिएँ। त्यही विषयको अर्को पत्र हाल पाइएकोले यस अङ्कमा प्रकाशित गर्दछु।

वि. सं. १९११ पौषदेखि चैत्रसम्म भोटयुद्धको लागि खरीद भई जम्मा गरिएको रसदविषयक यस पत्रको सकल श्रीबलरामदास मूलको सङ्ग्रहमा छ। उहाँको सौजन्यबाट यसको नकल मैले लिन पाएको हुँ।

श्री ?

१९११ साल पौषशुदि ९ रोज ५ देषि चैत्रशुदि १५ रोज २ तक्को षरिद भयाको जातजातको रसद

| | |
|---|---|
| गोदाम् गोदाम्को ज्मा | १९६९२।१३।३ के. रु. ९१४९९।।। एक आना .३ |
| लिस्ती तल्ला गोदामको | २१८१।१४।३—१२०८२।। एक आना ।।२ |
| चावल् | २१३६।१२।४—११९२३।।। एक आना। |
| ३।४ दरको | १९१०।१६ ७—१०९२० दुइ आना ।।। |
| ४।४ दरको | २२५।१५।५—१००३।। दुइ आना ।।१ |
| चिउरा | २२।७।७—९१।.२ |
| ४।४ दरको | १२।५।१—५४। तीन आना ।। |
| ५।४ दरको | १०।२।६—३६।।।.।।२ |
| कोदो | २२।१४-६७।।.। |
| ।६ दरको | ५।१२—१८।। दुइ आना ।।२ |
| ।७ दरको | १७।२—४८।।। एक आना ।।२ |
| गुम्थान् गोदाम्को | ४६४४।१७।३—२२७९७।। दुइ आना .३ |
| चावल् | ४३४३।१७।२—२१९२३ऽ।१ |
| ३।४ दरको | २०५८।८।१—११७६३। तीन आना ।। |
| ४।४ दरको | २२८५।९।१—१०१५९।।। एक आना .१ |
| च्युऱ्हा | १९।६।१—७०।। तीन आना |
| ४।४ दरको | .।१२—२।। दुइ आना ।।२ |
| ५।४ दरको | १८।१४।१—६८ऽ।२ |
| मास् | ३।१९।२—१०। दुइ आना ।३ |
| ५।४ दरको | ३।१९।२—१०। दुइ आना ।३ |
| कोदो | २७७।१४।६—७९३।। एक आना .३ |

आनालाई बुझाउने चिनो छापाखानामा नभएकोले आनालाई अक्षरले बुझाइएको छ।

।६ दरको १।१।५—३। एक आना।३

।७ दरको २७६।१३।१—७८९।।। तीन आना ।।।

माथिल्ला गोदाम्को ३५१७।१३।७—१६०९२।।।.।।।

चावल् २८४४।११।४—१३९६८।।.।।।२

३।४ दरको १०४६।१।७—५९७८।.।३

।४।४ दरको १७९८।९।५—७९९०।.।३

च्युन्हा ९३।१५।६—३६५।।। दुइ आना .२

४।४ दरको ३१।९।७—१३९। एक आना ।।।३

५।४ दरको ६२।५।७—२२६।।.३

मास् ११७।९।६—४२७।.।

५।४ दरको ११७।९।६—४२७।.।

कोदो ४६१।१६।७—१३३१ एक आना ।।

।६ दरको १५।१४।१—५२। एक आना .१

।७ दरको ४४६।२।६—१२७४।।।.।३

घ्याङ् गोदाम्को २६५८।३।२—१२९४८।.।।।

चावल् २६५८।३।२—१२९४८।.।।।

।३।४ दरको ८९१।४।४—५०९३।। तीन आना ।२

।४।४ दरको १७६६।१८।६—७८५४।। एक आना ।२

घ्याङ् छिङ् गोदाम्को १३१५।८।४—६६६६।एक आना।।२

चांवल् १२२७।१५।१—६३५०ऽ३

।३।४ दरको २२७।४।६—१८६९।।। दुइ आना ।।।२

।४।४ दरको १०००।८।३—४४८० एक आना ।१

च्युन्हा २४।५—९० एक आना ।३

४।४ दरको २।१०।३—११ तीन आना .१

५।४ दरको २१।१४।५—७८।।। दुइ आना ।२

मास्  ५६।२।५—२०४ एक आना ।।।

५।४ दरको  ५६।२।५—२०४ एक आना ।।।

कोदो  ७।१५।६  २२ दुइ आना ।

।७ दरको  ७।१५।६—२२ दुइ आना ।

तुसाऱ्या गोदाम्‌को  १५७१।४।४—४५०४।। तीन आना

कोदो  १५७१।४।४—४५०४।। तीन आना

।६ दरको  ३२।१०।४—१०८। दुइ आना ।।

।७ दरको  १५३८।१४—४३९६।. ।

दुगुना गोदाम्‌को  १३६८।५।६—६२११। एक आना २

चावल्  ११४८।१।७—५४०२। दुइ आना ।।३

।३।४ दरको  २३३।१४।१—१३३५। तीन आना ।१

।४।४ दरको  ९१४।७।६—४०६६।।। तीन आना ।२

च्युऱ्हा  ७७।१०।६—२९० दुइ आना ।३

।४।४ दरको  १०।३—४५ एक आना ।।।

।५।४ दरको  ६७।७।६—२४५८।।३

मास्  १४२।१३।१—५१८।।।.

५।४ दरको  १४२।१३।१—५१८।।।.

तातापांनी गोदाम्‌को  २०५।३।५—९४३।।।.।२

चावल्  १६३।१०।१—७९२।.३

।३।४ दरको  ५१।११।२—२९४।। दुइ आना ।

।४।४ दरको  १११।१४।७—४९७।। एक आना ।।।३

च्युऱ्हा  १७।३।२—६२। दुइ आना

।५।४ दरको  १७।३।२—६२। दुइ आना

मास्  २४।१०।२—८९ दुइ आना ३

५।४ दरको  २४।१०।२—८९ दुइ आना ३

कोदाहारी गोदाम्‌को  ४१९।६।६—१९५५ दुइ आना ।२

| | | |
|---|---|---|
| चावल् | | ३६५।६।२—१७५३।।। एक आना ।१ |
| ३।४ दरको | १०२।.।४—५८३ | |
| ४।४ दरको | २६३।८।६—११७०।।। एक आना ।१ | |
| च्युन्हा | | २७।१।३—१०३।।। एक आना ।।।२ |
| ४।४ दरको | ६।१४—२९।।। दुइ आना । | |
| ५।४ दरको | २०।६।७—७३।।। तीन आना ।।२ | |
| मास् | | २६।१६।१—९७। तीन आना .३ |
| ।५।४ दरको | २६।१६।१—९७। तीन आना .३ | |
| घासा | | १७०९।१७।३ के रु. ७३०१। दुइ आना |
| चावल् | | १२१३।१९।२ के रु. ६००१।। तीन आना ॥ |
| ।३।४ दरको | ५१५।१९।२ के. रु. २८९८।। दुइ आना ।।१ | |
| ।४।४ दरको | ६९८। के रु. ३१०३. एक आना .३ | |
| च्युउरा | | १३१।११।४ के रु. ४९९।। एक आना ।।२ |
| ।४.४ दरको | २६।१२।१ के रु. ११७।।। एक आना .२ | |
| ।५।४ दरको | १०४।१९।३ के रु. ३८१।।।.।। | |
| मास् | | ८०।६।२ के रु. २९२. एक आना .२ |
| ।५।४ दरको | ८०।६।२ के रु. २९२ एक आना .२. | |
| कोदो | | २८४।.।३ के रु. ५०७।।। तीन आना ।।। |
| ।६ दरको | ३।१५।४ के रु. १२।। एक आना | |
| ।७ दरको | २८०।४।७ के रु. ४९५। दुइ आना ।।। | |

| | |
|---|---|
| येकुं जमा | १९६९२।१३।३ के रु. ९१४९९।।। एक आना .३ |
| चावल | १६२०१।१८।१ के रु. ८१०६४।। एक आना ।।२ |
| च्युउरा | ४१३।१५ के रु. १५७३।।। तीन आना .२ |
| मास | ४५१।१७।३ के रु. १६३९. दुइ आना ।।३ |
| कोदो | ५१८।६।२ के रु. ७२२२।।। |

फुटकर षर्च दरमाहा छाला षरिद स्मेत जमा रु. १०००

सुबा मानसरोवसिं मार्फ २८८०० मध्ये षरिद भै आयाको

| | |
|---|---|
| नुन् मुरि | १६१।१५।२ |
| औ | ११८।८।६ |

| | |
|---|---|
| चावल मुरि गुम्थान्मा भरियाको | १११।४।५ |
| औ लिस्तिमा भरियाको | १३०। |
| मास् मुरि | ६३।१५ |
| औ | ५।१६।५ |
| कोदो मुरि | २१५।३।५ |
| धुर्सानि मुरि | ३१।१२।५ |
| सिमि मुरि | १८।७।७ |
| लिनिक मुरि | १।४। |
| फाफर मुरि | २।६।२ |

# तेह्रौँ वर्षको आम्दानीखर्चको विवरण

| | |
|---|---|
| **आम्दानी** | १८८९९।१८ |
| मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | ५००। |
| श्री ५ को सरकार मन्त्रिपरिषत्सचिवालयको संशोधन-मण्डललाई सालबसाली रु. १०००। अर्थसहायता दिने वि. सं. २०३७।१२।१२ को निर्णयअनुसार श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालयबाट २ वर्षमा आएको | २०००। |
| साझाप्रकाशनमार्फत पूर्णिमा, अभिलेख-सङ्ग्रह, इतिहास-संशोधन, विद्या-रक्षा, सावधान-पत्र, पञ्चाङ्ग-संशोधन, व्याकरण-संशोधनहरू २ वर्षभित्रमा बिक्री भई आएको | ५९९९।३७ |
| बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | १७। |
| नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्यको बिक्रीबाट | १०५। |
| बचतखाताको ब्याज | ७२०। |
| पोहरको बाँकी ( पूर्णिमा ४९ अङ्कमा प्रकाशित ) | ९५५७।८१ |
| **खर्च** | ८५९३।५५ |
| पूर्णिमा ४९ पूर्णाङ्कमा | १३८३।१५ |
| पूर्णिमा ५० पूर्णाङ्कमा | १७४२।२२ |
| पूर्णिमा ५१ पूर्णाङ्कमा | १४८६।५० |
| पूर्णिमा ५२ पूर्णाङ्कमा | १७६९।९० |
| नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्यमा | ११३३।७८ |
| सावधानपत्र ३१ सङ्ख्यामा | ७८।५ |
| पञ्चाङ्ग-संशोधन १६-१७ सङ्ख्यामा | ९३।७० |
| कोठाबहाल | ६५७। |
| संस्थानवीकरण | २५। |
| अरू | २२४।२५ |
| **बाँकी** | १०३०५।६३ |

कार्यालय-

# संशोधन-मण्डल

१०/३७४ वट्टु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३८ फाल्गुन

यस अङ्कको मूल्य रु. ५।-

मुद्रक-

प्रभात प्रिन्टिङ्ग प्रेस, झोछें, काठमाडौं